# स्थानीय राजपत्र

नारायण नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित

खण्डः१ संख्याः ६ मितिः २०७५/३/३२

**भाग-१**

**नारायण नगरपालिका**

नारायण नगरपालिका

## नारायण नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५

**प्रस्तावनाः**

स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नारायण नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० अधिकारहरुलाई र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २३ (झ) र उपदफा ४ को ख मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ कोदफा १०२ वमोजिम नारायण नगरको नगरसभाले यो ऐन तर्जुमा गरेको छ ।

परिच्छेद १

**प्रारम्भिक**

१.	संक्षिप्त नाम र प्रारम्भः

(क)	यस ऐनलाई नारायण नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७४ भनिने छ।

(ख)	नगर सभाबाट स्विकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२.	परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ,यस ऐनमा

(क)	"ऐन" भन्नाले नारायण नगरको स्वास्थ्य तथा सरसफाई ऐन२०७४ लाई सम्झनु पर्छ।

(ख)	"संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझनु पर्दछ।

(ग)	"कार्यपालिका" भन्नाले नारायण नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(घ)	"सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ)	"निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन स्वास्थ्य संस्था हुने भनेर सम्झनु पर्दछ।

(च)	"ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(छ)	"व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ज)	"अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरँपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ।

(झ)	"स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ।

**परिच्छेदः २**

३.	**आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था**

आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुःस्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवाप्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन

(क)	सरकारी वा सामुदायिक सरकारी तथा सामुदायिक स्वामित्वमा संचालनमा भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र,आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र,क्लिनिक, आयूर्वेद योग प्रणायम केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

नारायण नगरपालिका

नारायण नगरपालिका

(ख) निजी: निजी क्षेत्रद्वारा संचालितअस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ: ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुनेअस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ।
स्वास्थ्य सेवा प्रदायकसंस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड: स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरेवमोजिम हुने छ।

**४.स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१)स्थानीय नगर भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगम समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुने छ।

(क) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ग) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना-सदस्य

(घ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने कार्यपालिकाले तोकेका १ जना - सदस्य

(ङ)नगरपालिका क्षेत्र भित्रका सरकारी अस्पताल भित्रका मे.सु. - सदस्य

(च) नगर क्षेत्र भित्र कार्यरत पारामेडिक्स मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना - सदस्य

(छ) नगर क्षेत्र भित्रका स्वास्थ्य सम्वन्धि गैरसरकारी संस्थाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना - सदस्य

(ज) दलित, जनजाती सिमान्तकृत र अल्प संख्यक मध्ये कार्यपालिकाले मनोनित गरेको १ जना - सदस्य

(झ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(२)स्वास्थ्य सेवाव्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।

(क) आफ्नो कार्य क्षेत्र भित्रका स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने।

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) स्वास्थ्य संस्थाव्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने।

(छ) स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने।

(ज) नगरकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाहदिने।

(झ) कर्मचारी सरुवा वढुवा वृद्धि, विकास सम्वन्धि विभिन्न प्रकारका कार्यहरु संञ्चालन गर्ने

(ञ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने।

**६.स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकि,शहरी स्वास्थ्य केन्द्र,नगर भित्र संञ्चालित अन्य क्लिनिकहरु (स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुटाछुटै व्यवस्थापन समिति गठन गरिने छ।

| | | |
|---|---|---|
| (क) | सम्वन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य | अध्यक्ष |
| (ख) | स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये वडा समितिबाट मनोनित महिला १ जना | सदस्य |
| (घ) | स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक | सदस्य |
| (ङ) | सम्बन्धित वडाको वडा सचिव | सदस्य |
| (च) | दलित जनजाती, सिमान्तकृत,अल्पसंख्यक मध्ये १ जना | सदस्य |
| (छ) | महिला स्वास्थ्य स्वयमसेविका मध्ये १ जना | सदस्य |
| (ज) | सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख | सदस्य सचिव |

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन्:

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति नगरपालिका मार्फत पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) भौतिक आर्थिक जनशक्ति सम्वन्धि कार्य गर्ने ।

७. बैंक खाता संचालन: हरेक स्वास्थ्य संस्थाको आर्थिक कारोबार अनिवार्य बैंक मार्फत हुनेछ ।

(१)स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ
(२) उपदफा (१) बमोजिमकोलेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद: ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : नगरपालिका आफैले ताकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ। यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा देहायका पूर्वाधार पुरा गरीस्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

क) जनशक्ति: स्वास्थ्य सहायक (हे.अ./सि.अ.हे.व.) १ जना,अहेव २ जना, अनमी २ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरु

ख) भवन कोठा: प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

ग) उपकरण: प्राथमिक उपचारका आधारभूत उपकरण ।

(३) नगरपालिकाक्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा,डाईगोसिक सेन्टर,आँखा/अकुपेन्चर सेन्टर योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पीक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिकाआफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको सञ्चालन स्थापना गर्नुपर्नेछ ।

नगरपालिका

९. निजी क्षेत्रले अस्पताल संचालन गर्न ।सक्ने

(१) नगरपालिका क्षेत्र भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्था द्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती नगरपालिकाले दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पतालको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न नगरकार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगरँकार्यपालिकाले तोकियको समय भित्र मापदण्ड पुरा गन र यस्ता अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गरिनेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(६) केन्द्रिय सरकार तथा प्रदेश सरकारले बनाएको मापदण्ड पूरा गरेको हुनेछ ।

(७) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्ने छ ।

(८) अस्पताल, पोलि क्लिनिक, थेरापि, योग सेन्टर, मेडिकल हल, मेडिकल जन्य सामाग्री तथा उपकरण,औषधी थोक विक्रेतालाई संञ्चालन अनुमति प्रदान गर्न सक्नेछ ।

१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः नगरपालिकाको स्वीकृतीमा संचालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः कम्तिमा २ जना एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष,प्रशासन कक्ष, पार्किङ

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको,अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहरब्यवस्थापनकोप्रणाली भएको हुनुपर्ने।

११. पोलिक्लिनिकसंचालनको अनुमतीः

(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पालिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्नेडाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिकासमक्ष निवेदन दिनु पर्नेछ ।

१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमकोविवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्नेप्रमाणितस्थानभएको कागजात

(३) रेडियोलोजीवा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्षअध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

१३. संचालनको अनुमती

(१) नगरपालिकाक्षेत्र भित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) औषधि व्यवस्था विभागबाट ओरेन्टिेशन कोष प्राप्त तथा आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान,विक्रि वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहनेमुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदनपेशगर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।
थेरापि संञ्चालन गर्नको लागि न्यूनतम योग्यता भएका व्यक्तिलाई आवश्यक प्रक्रिया पुरा गरी संञ्चालन अनुमति
(५) प्रदान गर्न सकिने छ ।

१४. मापदण्ड पुरा नारायण नगरकोमा सजाय हुनेः

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी गराईने छ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने छ ।

१५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः
निजीलगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

१६ संघ र प्रदेश सरकारको मापदण्ड बमोजिम तोकिएका निश्चित वर्गहरुलाई सहुलियत प्रदान गर्नु पर्ने छ ।

१७ माथी उल्लेखीत संस्थाहरुको उल्लेखित समितिले वर्षको कम्तिमा १ पटक अनुगमन तथा सुपरिर्वेक्षण गर्नु पर्ने छ ।

## परिच्छेद:४

## स्वास्थ्यकर्मीतथा स्वास्थय स्वयंसेवा सम्बन्धी व्यवस्था

१८. स्वास्थ्यकर्मीको व्यवस्थापन: नगरपालिकाभित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ५ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् ।

(१) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार: स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिकामार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) स्वयम सेवक: स्वदेशि, विदेशि, योजना आयोग र संघसंस्थाबाट नियुक्ति पाएका

(४) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(५) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

१९. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको ब्यबस्था: स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरले पुरुषस्वस्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्तगर्न सक्नेछ ।

(१) महिला स्वस्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति २५० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिकासमक्ष पेश गर्नसक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ५० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यबस्था गरि बिदाइ गरिनेछ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्तिदिइने छ ।

(५) यो सुविधा कार्यपालिकाले तोके बमोजिम हुने छ ।

२०. स्वास्थ्यकर्मीको सेवा सुविधा:

(१) स्थायी स्वास्थ्यकर्मी: नेपाल सररकारले तोकेका स्केल वमोजिम तलव र नारायण नगरको कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा हुने छ ।

(२) करार स्वास्थ्यकर्मी: प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलकोदुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) अभियानकर्ता /स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता

नारायण नगरपालिका

परेको वखत ममाका खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

२१. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नगरकार्यपालिकाले निर्धारण गर्ने छ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने् छन । साथै न.पा.को निर्णय बमोजिम आवश्यकता अनुसार स्थायी स्वास्थ्य कर्मिहरुलाई कामकाजमा खटाउन सकिने छ । समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्य कर्मि नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामाकायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्तिगर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) नगरकार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण १ जना विज्ञ –सदस्य

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(३) छनोटसमितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. कर्मचारी सरुवाः

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्ने छ । विशेष परिस्थिती बाहेक न्यूनतम एउटै स्वास्थ्य संस्थामा २ वर्ष संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने,विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

२३. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) अधिकृतसँग, उक्तअधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र अन्य प्रमुखले कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन स्वास्थ्य शाखा प्रमुखले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२४.कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार

नगरपालिका

(१) कार्य सम्पादन पुरा भएका कर्मचारीको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ।
(२)कार्यसम्पादन सम्झौतौको मूल्याङ्कन , पुरस्कार र सम्मान नगरपालिकाले तोके बमोजिम हुने छ।

## परिच्छेदः५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२५. वार्षिक खरिद योजना बनाउनु पर्नेः

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ।

२६. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१) औषधीतथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिदकार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ।

२७. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउनेछ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ। खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरे वमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ।

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेद-६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिकसुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२८. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ।स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिने छ।

२९. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

नारायण नगरपालिका

३०. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तरएवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ७

## महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

३१. रोगतथा रोगीहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाईसरुवा रोगलागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्थावा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३२. महामारी रोकथाम तथानियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सो को प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्नवा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) महामारी नियन्त्रणको लागि नपामा बफर स्टकको व्यवस्था गरिने छ ।

३३. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थक्रीविवितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथाजन्यमदिरापदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुकोविक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजारजस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा,निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमास्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

(५) धुम्रपान, मध्यपान, र लागु पदार्थ निषेधित नपा बनाउने व्यवस्था मिलाईने छ ।

३४. सरसफाइ सम्बन्धि कार्यक्रम तथाफोहोर मैला व्यवस्थापन

नगरपालिका

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन्।

(३) घर निमार्ण गर्दाशौचालयको फोहरव्यवस्थापन गर्नेविधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा नारायण नगरककार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ८
## विविध

३५. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान ठूला र अस्पताल सञ्चालनका लागि सिफारिस

१. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुपनिजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्दस्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफरिश लिनुपर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीयस्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

३६. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः
स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिकास्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

३७ आमा समूह, धामीझाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाईस्वास्थ्य तथा सरसफाई शाखालेअनुगमनर नियमन गर्नेछ ।

३८ नगरपालिकाक्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई **सम्बन्धी संस्थाहरुलेआफ्नो प्रगति विवरण मासिक,त्रैमासिक,चौमासिक र वार्षिक** रुपमा नगरपालिकासमक्ष बुझाउनु पर्ने छ ।

३९. नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निजी निकाय व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँगबिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सकिने छ ।
नारायण नगरपालिकालाई स्वास्थ्य पर्यटकिय प्रवद्धनको रुपमा विकास गरिने छ ।

४०

गुणस्तरीय विश्वसनिय भरपर्दो स्वास्थ्य सेवा वृद्धि गर्दै रोगदर मृत्यृदर कम गरि औषध आयुलाई बढाउने क्रियाकलापहरु लागु गरिने छ ।

४१

नारायण न.पालाई कुपोषण मुक्त न.पा बनाईने छ ।

४२

४३ नगर क्षेत्र भित्र आई पर्ने स्वास्थ्य समस्या समाधानका लागि नगरपालिकामा आकस्मीक जनस्वास्थ्य कोषको व्यवस्था हुने छ ।

नारायण नगरपालिका

४४ उक्त कोषको नियन्त्रण र संञ्चालन नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ। तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

४५ पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ।

४६. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

नारायण नगरपालिका

(२) यस ऐनको कार्यान्वयनको लागि नगरकार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४७ संक्रमणकालीन व्ययवस्थाः यस ऐनले तोकिए वमोजिम हुने भनी गरेको व्यवस्था नियमावली नआउँदासम्म नगरकार्यपालिकाले गर्न सक्नेछ ।

४८ बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न -कुनै अड्काउबाधापरेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।
तर यस्तो आदेश नगरकार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

४९. बचाउ र लागू नहुनेः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यससंग सम्वन्धित दफा उपदफाहरु संघ तथा प्रदेस सरकारले जारी गरेको ऐन नियम, कार्यविधि यसमा समावेश भएको मानिने छ ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

**सभाबाट स्वीकृत मिति -:२०७५/३/३२**

आज्ञाले,<br>
जगत बहादुर बस्नेत<br>
प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका